# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम
# सीप विकास सम्बन्धी नीति, २०६४

(२०६४।६।३ को मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत)

विभिन्न अध्ययन तथा अनुसन्धानमा उल्लेख भए अनुसार विद्यालय उमेर समूहका बहुसंख्यक बालबालिकाहरू १० कक्षासम्मको शिक्षा नै पूरा नगरी बीचैमा विद्यालय छाड्छन् । विद्यालयबाट बाहिर जाने उल्लेखित समूहका बालबालिकाहरू आर्थिक क्रियाकलाप सञ्चालन गर्न सक्षम भइसकेका हुँदैनन् । साक्षर भएका उल्लेखित जनशक्तिलाई व्यावसायिक सीपहरू प्रदान गर्ने प्रकृतिका सान्दर्भिक अल्पकालीन तालिम सहज रूपमा उपलब्ध नभएको अवस्था छ ।

विद्यालय नगएका तथा कुनै प्राविधिक शिक्षा वा व्यावसायिक सीप तालिमको अवसर समेत नपाएका वयस्कहरूको संख्या समेत उल्लेख्य रूपमा रहेको छ । अझ द्वन्द्वको शिकार भएका र सामान्य उत्पादनमूलक जीवनयापन गर्नबाट बञ्चितहरूलाई समेत जोड्दा परिस्थिति अझ गम्भीर र जटिल रहेको देखिन्छ । यसरी विद्यालयबाट बाहिरिएका, साक्षर नभएका तथा विद्यालय नगएका एवं कुनै पनि किसिमको प्राविधिक शिक्षा तथा व्यावसायिक सीप नपाएका युवा तथा वयस्क जनशक्तिलाई जीवन निर्वाहका लागि आय आर्जन हुने कार्यमा संलग्न गराउन आववश्यक छ ।

यस सन्दर्भमा स्वदेशी तथा वैदेशिक रोजगारीमा संलग्न जनशक्तिमा उत्पादनशील क्षमताको कमीका कारण रोजगारीमा अनेकौं समस्याहरू देखिएका छन् । उत्पादनशील क्षमताको कमीका कारण रोजगारीका अवसर र आय आर्जनका सम्भावनाहरूमा समेत प्रतिकूल प्रभाव परेको कारण गरिबीको रेखामुनि रहेको जनसंख्यामा समेत अपेक्षाकृत सुधार आउन सकेको देखिंदैन ।

यस परिप्रेक्षमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमका अवसरहरूलाई राष्ट्रिय रूपमा विस्तार गर्न आवश्यक देखिन्छ । देशको उत्पादनशील जनशक्तिलाई आवश्यकता अनुसारका व्यावसायिक तथा पेशागत क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल हुने गरी सीपमूलक शिक्षा र तालिम उपलब्ध गराउनु आवश्यक देखिएको छ । उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका लागि न्यूनतम अवसर प्राप्त गर्नबाट समेत बञ्चित भएकाहरूलाई यस्तो शिक्षा र तालिमका अवसरहरू प्राप्त गर्न सहज र उपयुक्त वातावरण तयार गर्नु वर्तमान सन्दर्भमा वाञ्छनीय देखिएको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी प्रस्तुत नीतिको मूख्य लक्ष्य 'तालिम कार्यक्रमहरूको क्षेत्रमा विस्तार र तालिम कार्यक्रमको सहभागितामा सबै क्षेत्रका महिला, दलित, जनजाति, मधेसी तथा विपन्न समुदायको प्रतिनिधित्व सुनिश्चिततताका लागि समावेशीकरण' राखिएको छ । माथिका दुवै उद्देश्यहरूले आयमूलक काम वा पेशामा लक्षित समूहको संलग्नताको सम्भावनामा अभिवृद्धि हुने र यस्ता कार्यक्रमहरू नेपाली समाजका सबै वर्ग र तहहरूमा समान रूपले वितरण गरिने गरी तयार गरिने छ ।

यस नीतिअन्तर्गत देशका विभिन्न क्षेत्रमा बसोवास गरेका तालिम लिन चाहने तर शुल्क तिर्न नसक्ने सम्पूर्ण नागरिकहरूलाई वा तालिमको पहुँचभित्र पुग्न नसकेकाहरू प्रारम्भमा आधारभूत तालिम (Entry training) मा सहभागी हुन सक्नेछन् । यस्तो वर्गलाई उत्पादनशील रोजगारी प्राप्त गर्न प्रोत्साहन हुने गरी आर्थिक सहयोग स्वरूप विभिन्न प्रकारका छात्रवृत्तिहरू उपलब्ध गराउने नीति अख्तियार गरिनेछ ।

यो नीति सीप प्रशिक्षण गर्न, रोजगारीको बजारमुखी अवधारणाको विकास र प्रबर्द्धन गर्न उन्मुख हुनेछ । यसले तालिम पद्धतिको विकास गर्न गति प्रदान गर्नेछ । जसबाट आगामी १० वर्षमा तालिमका अवसरहरूमा ४ गुणा वृद्धि हुने अपेक्षा गरिएको छ । तालिमका नयाँ पाठ्यक्रमहरूको स्वाभाविक विकासलाई नेपाल व्यावसायिक योग्यता (Nepal Vocational Qualifications) को पुनःनिर्मित पद्धति (राष्ट्रिय सीप परीक्षण समिति) मा समेटिनेछ । यस समितिले औपचारिक परीक्षा लिई त्यसको प्रमाणपत्र उपलब्ध गराउने नीति अख्तियार गरी सबै प्रकारका व्यावसायिक

तालिमहरूको संयोजन गर्नेछ । परीक्षणका लागि कामदारको व्यवसायको व्यावसायिक उन्नति पथको पहिचान, प्रारम्भिक तालिम र तालिमपछिको पर्याप्त व्यावसायिक अनुभव तथा विभिन्न खालका थप तालिमहरू (Further Trainings) को समेत समग्र रूपमा विश्लेषण गर्नेछ । औपचारिक वा अनौपचारिक, विद्यालयभित्र वा कार्यगत तालिमका क्षेत्रमा सिकाइका सबै प्रकार र स्थानहरूलाई एउटै पद्धतिमा आबद्ध गरिनेछ । जुन अग्रगमन र संक्रमण दुवैका लागि उपयोगी हुनेछ । आफ्नो उत्पादनशील क्षमता प्रदर्शन गर्न चाहने नागरिकहरू, मानवीय संसाधनको विकासमा आफूलाई समर्पित गर्न चाहने तालिम प्रदायक संस्थाहरू र आफ्नो उत्पादकत्व बढाउनुका साथसाथै आफू जस्तै अन्य नागरिकहरूलाई काम र दाम दिन चाहने रोजगारदाताहरूका आवश्यकता र मागलाई यो नीतिले सम्बोधन गर्नेछ ।

सीप विकास सम्बन्धी नीतिले जोड दिएका पाँच मुख्य उद्देश्य देहाय अनुसार रहने छन्-

१ **विस्तार** : तालिमका अवसरहरू र सेवाको विस्तार गर्ने ।

२ **समावेशीकरण** र **पहुँच** : तालिमको आवश्यकता भएका सम्पूर्ण नागरिकहरूमा तालिमको पहुँच पुऱ्याउने र सबैलाई सीप सिक्ने अवसर सुनिश्चित गर्ने ।

३ **एकीकरण** : विभिन्न तालिम पद्धति र तालिम प्रदायकहरूलाई एउटै प्रणालीमा आबद्ध गर्ने ।

४ **सान्दर्भिकता** : तालिमको विषय वस्तु र तालिमबाट प्राप्त उपलब्धिहरू (Outcome) लाई आर्थिक मागसँग आबद्ध गर्ने ।

५ **लगानी** : प्राविधिक शिक्षा र व्यावसायिक तालिमको बजारले गति लिन सक्ने वातावरण सिर्जना गर्नका लागि दिगो लगानी सुनिश्चित गर्ने ।

यस नीतिमा प्रस्तावित गरिएका उद्देश्यहरूलाई कार्यान्वयनमा अवलम्बन गर्नका लागि उपयुक्त ठानिएका रणनीतिहरूलाई सार संक्षेपका रूपमा देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छः-

नेपालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति, २०६४

| मुख्य सन्देशहरू | मुख्य नीतिगत क्षेत्र | अवलम्बन गरिने उपायहरू |
|---|---|---|
| **नागरिकहरूका लागि**<br>सबै नेपाली नागरिकहरूलाई कम्तिमा ३ महिना अवधिको रोजगारीका लागि निःशुल्क तालिमको अवसर र जीवनपर्यन्त सिकाइका लागि सशुल्क तालिमका अवसरहरू प्रदान हुनेछन् । | तालिमका अवसरहरूमा व्यापक विस्तार (Expansion) | • लचिलोपन, नियमन, स्वायत्तता, विकेन्द्रीकरण अवलम्बन गरिने,<br>• संस्थागत र भरपर्दा तालिम प्रदायकहरुलाई निःशुल्क प्रारम्भिक सहयोग गर्ने,<br>• उत्पादनको गुणस्तरको सुनिश्चितता (राष्ट्रिय व्यावसायिक स्तरसँग सुहाउँदो) प्रदान गरिने,<br>• उपभोक्ताको हक हित सुरक्षित गर्ने तत्वका रुपमा वस्तुगत कार्यसम्पादन, पारदर्शिता र गुणस्तर चिन्हहरूको व्यवस्था गरिने । |
| **तालिम प्रदायकहरूका लागि**<br>विभिन्न तालिम प्रदायक संस्थाहरूलाई विद्यालयबाट बाहिरिएका युवाहरूका लागि सीप विकास गर्ने काममा सहयोग गर्न र राष्ट्रिय जनशक्तिको विकासमा सहयोग गर्न प्रोत्साहन मिल्नेछ । | तालिम आवश्यक पर्ने सबै नागरिकका लागि पहुँचको सुनिश्चितता र समावेशीकरण (Inclusion and Access) | • न्यूनतम सुविधाबाट बञ्चित समूहका नागरिकहरूका लागि प्रशिक्षण शुल्क र निर्वाह भत्ता सुनिश्चित गरिने,<br>• खुल्ला परीक्षणको व्यवस्थाका लागि पूर्व सिकाइको अनुभवलाई मान्यता दिइने,<br>• प्रवेश तहमा व्यावसायिक मापदण्डहरू निर्धारण गरिने,<br>• शैक्षिक मूलप्रवाहका लागि तयारीका कार्यक्रमहरू सञ्चालन गर्ने र प्रशिक्षणका सहयोगी सामग्रीहरू निर्माण गरिने । |
| **व्यवसाय गर्ने समुदायका लागि**<br>दक्ष र आत्मविश्वासी कामदारको आपूर्ति गर्ने काममा व्यापक विस्तार हुनेछ । यसबाट राष्ट्रिय उत्पादकत्व अभिवृद्धि हुनेछ । | विभिन्न प्रकृतिका तालिम र व्यावसायिक वृत्तिविकासको प्राज्ञिक मार्गको (Pathways) भरपर्दो एकीकरण र संयोजन (Integration) | • व्यावसायिक योग्यताको संरचना तयार गरी सो संरचनाभित्र औपचारिक र अनौपचारिक तालिमका विषयवस्तुलाई सिकाइका श्रेणीका मार्गका रूपमा विकसित गरिने,<br>• साधारण शिक्षाले निर्धारण गरेअनुसारको प्राज्ञिक योग्यताको समकक्षी बनाउन नपुग पाठ्यक्रमहरू तयार गरिने,<br>• विशिष्टीकृत पेशागत वृत्तिविकासका तहहरूको प्रवर्द्धन गर्ने,<br>• जनशक्तिलाई वृत्तिविकासमा टेवा पुग्ने गरी जीवन पर्यन्त सिकाइका लागि मार्गदर्शन (Career guidance) तयार गर्ने । |

| | | |
|---|---|---|
| **सार** :<br>प्राविधिक शिक्षा, व्यावसायिक तालिम र सीप विकासका लागि सबल र सक्रिय बजारको विकास हुनेछ । | सिकारूको दक्षता वृद्धि र पाठ्यवस्तुको सान्दर्भिकता (Relevance)मा जोड | • कार्यसञ्चालन अनुमति पत्र भएका (Licensed trainers) औद्योगिक अनुभव सहितका प्रशिक्षकहरू तयार गर्ने,<br>• आवश्यकता पहिचान र पेशागत मापदण्डमा आधारित पाठ्यक्रमहरू तयार गर्ने,<br>• व्यावहारिक तालिम (कार्यगत र परियोजनाहरू) को व्यवस्था गर्ने,<br>• स्वायत्त परीक्षा र प्रमाणपत्र प्रणालीको विकास गरिने । |
| | दिगो (sustained) लगानी (funding) कोष र संयन्त्रहरू | • सरकारी लगानीमा व्यापक अभिवृद्धि गरिने,<br>• निःशुल्क तीन महीने तालिमको व्यवस्था गरिने,<br>• दातृ निकायबाट हुने सहयोगको सामूहिक र एकीकृत प्रयास गरिने,<br>• जिल्ला स्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विकास कोष (Fund)को व्यवस्था गरिने,<br>• विगतमा छात्रवृति पाएर तालिम प्राप्त गर्नेहरूबाट हुन सक्ने सहयोगका सम्भावनाको खोजी गरिने । |